कार्यविधि नं........

# अपांगता भएका ब्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई टोखा नगरपालिका मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः – ........... गते

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौँ
बागमती प्रदेश, नेपाल

## अपांगता भएका ब्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई टोखा नगरपालिका मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावना : अपांगता भएका ब्यक्तिको संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्दै उनीहरुलाई समूदायमा पुनस्थापना गर्ने, अपांगता भएका ब्यक्तिलाई सीपमूलक तालिमको माध्यमबाट रोजगारीमा पहुँच स्थापित गर्ने, सहायक सामग्रीको अभावमा घरभित्र गुम्सिएर बस्नुपर्ने बाध्यताको अन्त्य गरी समाजमा अन्तरघुलन हुने वातावरण बनाई सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्दै अपांगता भएका ब्यक्तिहरुको हक, हित र अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरुलाई स्वीकृत भएको कार्यक्रम अनुसारको अनुदान रकम टोखा नगरपालिका मार्फत उपलब्ध गराउन बाञ्छनीय भउकोले टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी टोखा नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम “ अपांगता भएका ब्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई टोखा नगरपालिका मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) कार्यक्रम खर्च भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

(ख) प्रशासनिक खर्च भन्नाले पारिश्रमिक सेवा महसुल तथा भाडा कार्यालय सामान तथा परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्च सम्झनु पर्दछ ।

(ग) संस्था भन्नाले अपांगताको क्षेत्रमा काम गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(घ)मन्त्रालय भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) नगरपालिका भन्नाले टोखा नगरपालिका सम्झनु पर्दछ ।

(च) सम्बनिधत शाखा भन्नाले नगरपालिकाको महिला तथा वालवालिका शाखा सम्झनुपर्दछ ।

## परिच्छेद २

## अनुदान निकासा प्रक्रिया र अवधि

३. अनुदान निकासा प्रक्रिया : (१) सम्बन्धित संस्थाले नगरपालिकाबाट विनियोजन भएको अनुदान रकम प्राप्त गर्नका लागि सम्बन्धित शाखामा संस्थाको आधिकारिक निर्णयसहित दफा (५) बमोजिमका कागजातहरु पेश गरेपछि निकासा प्रक्रिया अगाडि बढाइनेछ ।

४. अनुदान भुक्तानी अवधि : (१) यस कार्यविधि बमोजिम अनुदान दिइने रकमको भुक्तानी अवधि चालु आ.व. सम्म हुनेछ ।

(२) यस्तो अनुदानको भुक्तानी नगरपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

## परिच्छेद ३

## अनुदान निकासा माग गर्दा पेश गर्नु पर्ने कागजातहरु

५. संस्थाले निकासा माग गर्न देहायको कागजात पेश गर्नुपर्नेछ ।

क) संस्था दर्ता र नवीकरण भएको हुनुपर्ने र अनुदान प्राप्त गर्ने आ.व. भन्दा कम्तिमा अघिल्लो आ.व. मा दर्ता भएको हुनु पर्नेछ ।

ख) कर दर्ता र गत आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ग) निकाशा माग गर्ने संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

घ) कार्यक्रमको एकाइगत लागत प्रस्ट खुलेको कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ ।

ङ) गत आ.व. मा अनुदान प्राप्त भएको अवस्थामा संचालित कार्यक्रमको प्रगति प्रतिवेदन र बेरुजुको
स्थिति खुलाउनु पर्नेछ ।

च) अघिल्लो आ.व. को लेखा परीक्षणको प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

छ) संस्थाको गत आ.व. सम्मको कूल आय व्यय र यस आ.व. मा प्राप्त गर्ने स्रोत सुनिश्चित भएको
रकम उल्लेख भएको हुनु पर्नेछ ।

ज) कार्यक्रमको कार्यान्वयन कार्ययोजना पेश गर्नु पर्नेछ ।

झ) स्थायी लेखा नम्बर (प्यान) को प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## अनुदान शर्त सम्बन्धी व्यवस्था

६. अनुदान शर्त : (क) यस कार्यविधि बमोजिमका लक्षित वर्गलाई नगरपालिकाबाट जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो, सोही उद्देश्यका लागि मात्र उपयोग गर्नुपर्नेछ ।

ख) अपांगताको हक हित र सरोकारको क्षेत्रमा काम गर्ने संस्थालाई उपलब्ध गराईएको अनुदानको रकमबाट ती संस्थाले नगरपालिकाभित्रका सबै वडाहरुमा सेवा प्रवाह गर्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

७. बैंक खाता संचालन : (१) यस कार्यविधि बमोजिम अनुदान स्वरुप प्रदान गरिएको रकम प्रयोजनको लागि अपांगताको क्षेत्रमा काम गर्ने संस्थाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त क बर्गको बैंकमा खाता खोल्नुपर्नेछ ।

(२) यसरी प्राप्त अनुदान रकम सम्बन्धित संस्थाको माग अनुसार उक्त खाता मार्फत प्राप्त गर्न सकिनेछ । (३) संस्थाको खाता संचालन कार्यसमितिका कम्तिमा दुई जनाको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ ।

## परिच्छेद ५

## खर्च प्रक्रिया, अनुगमन मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

८. खर्च प्रक्रिया तथा अनुगमन

क) नगरपालिकाबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित ऐन नियमावलीको अधीनमा रही खर्च गर्नु पर्नेछ ।

ख) अनुदान प्राप्त रकम तोकिएको मापदण्ड अनुरुप खर्च भए नभएको विषयमा नगरपालिकाले निरन्तर अनुगमन गर्नुपर्नेछ ।

ग) यो निर्देशिका बमोजिम अनुदान वितरण भए नभएको र वितरण गरेको अनुदानको सही उपयोग भए नभएको सम्बन्धमा नगरपालिकाको अनुगमन समिति तथा अन्य अनुगमन मूल्यांकनसँग सम्बन्धित निकायले अनुगमन गर्न सक्नेछन् ।

घ) निकासा समयमा भए नभएको र भएको निकासा रकम तोकिएको उद्देश्य, क्षेत्र र स्थानमा प्रचलित कानून बमोजिम खर्च भए नभएको सम्बन्धमा नगरपालिकाको अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।

९. नगरपालिकाले दिएको निकासा खर्चको विवरण र समय समयमा भएको अनुगमनको प्रतिवेदन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

## परिच्छेद ६

## कारवाही सम्बन्धि व्यवस्था

१०. अनुदानको उद्देश्य अनुसार अनुदान रकमको उचित कार्यान्वयन नगरेमा हुने कारवाही : (१) दफा ३ र ४ बमोजिम अनुदान लिने संस्थाले अनुदानको उद्देश्य बमोजिम उचित परिचालन नगरेमा देहाय बमोजिमको कारवाहीको लागि नगरपालिकाले सिफारिस गर्न सक्नेछ ।

क) कालो सूचीमा राख्न ।

ख) संस्थाको चल अचल सम्पत्ति विक्री गर्न बन्देज लगाउन सम्बन्धित निकायमा लेखी पठाउन ।

ग) संस्थाको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न ।

घ) नेपाल सरकारबाट उपलब्ध गराउने सुविधाबाट बञ्चित गर्न ।

(२) दफा १ बमोजिम सम्बन्धित निकायमा सिफारिस भएमा सम्बन्धित निकायले उल्लेखित सिफारिस तुरुन्त कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद ७

## विविध

११. गुनासो तथा उजुरी सम्बन्धी व्यवस्था : अनुदान प्राप्त गरेको संस्थाले प्रचलित कानून एवं यस कार्यविधि बमोजिम अनुदानको उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित विषयमा उजुरी परेमा नगरपालिकाले अनुगमन तथा छानविन गर्नेछ ।

१२. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका वियायको हकमा यसै बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. संशोधन : नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार थपघट वा संशोधन गर्न सक्नेछ ।